आज मिति २०७४ श्रावण ३२ गत, बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आठौं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गारी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्रा सुशीला पौडेल (ढकाल) | - | सचिव | |

| आमन्त्रित :- | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री मन्दिरा मर्हजन (रन्जित) | - | ना.सु |

प्रस्तावहरु:

१) लगानी बोर्डको पत्र (फोहार मैला व्यवस्थापन) सम्बन्धमा ।
२) बिबिध ।

निर्णयहरु :

**प्रस्ताव नं. १** का सम्बन्धमा छलफल गर्दा लगानी विकास बोर्डको मिति २०७४/०४/२० पत्रानुसार काठमाडौं उपत्यका फोहार मैला व्यवस्थापन गर्ने सम्बन्धमा प्रतिक्रिया माग गरी पठाएकोमा उक्त परियोजना विकासको लागि सहमति प्रदान गर्ने ।

**प्रस्ताव नं. २** विविध बिषयमा छलफल गर्दा :

क) नगर सभाको अध्यक्षको हकमा रू. १५००।- र अन्य सब नगर सभाका सदस्यहरुको हकमा रू. १०००।- भत्ता दिने र बजेट प्रस्तुत गरे बापत नगर उपप्रमुखलाई रू. १५,०००।- (अक्षरुपी पन्ध्र हजार रुपैया मात्र) दिने ।

ख) फोहार मैला व्यवस्थापन गर्ने तथा अन्य विकास प्रयोजनको लागी जे. सि. बी. (J. C.B) मेसिन स्कयाभेटर खरिद गर्ने ।

ग) कुचिकारका सम्बन्धमा दक्षिणकाली क्षेत्र प्रबन्ध समितिसँग भत्ताको बिषयमा एक पटक अनुरोध गर्ने । यदि भत्ताको व्यवस्था नभएमा काम गरेको मिति देखी मासिक रू. २०००।- (अक्षरुपी दुई हजार रुपैया मात्र) पारिश्रमिक उपलब्ध गराउने ।

घ) मिति २०७४ साल श्रावण १ गते देखी लागु हुने गरी नगर क्षेत्रको फोहार उठाउने ट्रिपर चालकलाई एकमुष्ठ मासिक रू. १५,०००।- (अक्षरुपी पन्ध्र हजार रुपैया) र फोहार उठाउने २ जना कर्मचारीलाई रू. ८,५००।- मासिक भत्ता उपलब्ध गराउने । साथै रू. ४,५००।- तलब खाई कामकाज गरिरहेका नगरपालिका र वडा कार्यालयका कर्मचारीहरुलाई पनि मासिक रू. ८,५००।- उपलब्ध गराउने ।

ङ) दक्षिणकाली नगरपालिका र कीर्तिपुर नगरपालिकाको सिमानाबाट बेचिएको खानेपानीबाट कीर्तिपुर नगरपालिकाले उठाएका राजश्व बापत ५०% रकम दक्षिणकाली नगरपालिकामा माग गर्ने गरी पत्राचार गर्ने ।

च) दक्षिणकाली न.पाको प्रवक्तामा यस नगरपालिका वडा नं ९ का वडा अध्यक्ष श्री अमृका बलामीलाई तोक्ने ।

छ) देहाय बमोजिमको कार्यक्रममा स्थलगत निरिक्षण गरी ईष्टिमेट बमोजिम खर्च गर्ने ।

अ) वडा नं ३ को वडा कार्यालय मर्मत ।

आ) महाचुनी भजन मण्डल फुलचोक निर्माण ।

इ) वडा नं ७ को खानेपानी पाईपको सम्बन्धमा ।

ज) दक्षिणकाली मन्दिरको पार्किङ्गलाई व्यवस्थित गर्नका लागी फयाकुल डाँडालाई ग्राबेल गर्नका लागी दक्षिणकाली क्षेत्र प्रबन्ध समितिलाई पत्राचार गर्ने ।

झ) नगर सभा सदस्यको (सबै महिला सदस्यहरु) पोशाकमा एकरुपता ल्याउने उद्देश्यले पोशाक भत्ता बापत रू. २०००।- उपलब्ध गराउने ।

ञ) गोरखनाथ, बज्रयोगिनी, गणेश सरस्वती मन्दिरको व्यवस्थापन (पार्किङ्ग, शुल्क पहिचान, श्रोत पहिचान) सम्बन्धी काम गर्नेका लागी आर्थिक विकास समितिका संयोजकलाई जिम्मा दिने ।